लेखापरीक्षण प्रतिवेदन

सिरानचोक गाउँपालिका, गोरखा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

सिरानचोक गाउँपालिका, गोरखा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्र्योटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्र्योट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश

काठमाडौं

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/243

मिति : २०८३-१-२९

श्रीमान् अध्यक्षज्यू,

सिरानचोक गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, सिरानचोक, गोरखा ।

विषय - लेखापरीक्षण प्रतिवेदन ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/243

श्रीमान् अध्यक्षज्यू,

सिरानचोक गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, सिरानचोक, गोरखा ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस पालिकाको आर्थिक वर्ष २०८१/८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१/८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमाअन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. पालिकाको रु.१ अर्ब ९ करोड १ लाख ५ हजारको लेखापरीक्षण गरिएकोमा रु.२ करोड ५६ लाख ७७ हजार (२.३६ प्रतिशत) बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिक्रियाबाट फस्यौंट नभई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रु.६ लाख ८० हजार, नियमित गर्नुपर्ने रु.१ करोड १५ लाख ७४ हजार र प्रमाण कागजात पेस गर्नुपर्ने रु.१ करोड ३४ लाख २३ हजार रहेको छ। गत वर्षसम्म रु.९ करोड ४१ लाख ९८ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.११ करोड ९६ लाख ७२ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी

कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा**-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु							
										असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
५५	४७	२,५६,७७,०२५	०	०	०	०	५५	४७	२,५६,७७,०२५	६,८०,३७७	१,१५,७३,९६९	१,३४,२२,६७९	०	०	२,४९,९६,६४८	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
गोरखा	९,४१,९८,८४५	०	२,०४,२४४	९,३९,९४,६०१	०	२,५६,७७,०२५	११,९६,७१,६२६

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	वीमा शुल्क	८८,८२५
२	२०८०/८१	मुख्यमन्त्री नवप्रवर्द्धन कार्यक्रम	५२,६००
३	२०८०/८१	बढी भुक्तानी	५७,८१९
४	२०८०/८१	असुल गर्नुपर्ने	५,०००
		जम्मा	**२,०४,२४४**

सिरानचोक गाउँपालिका, गोरखा

(८०४३६५०८३००)

सिरानचोक गाउँपालिका , गोरखा

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस गाउँपालिका अन्तर्गत ८ वडा,१२१.५९ वर्ग किलोमिटर क्षेत्रफल तथा १९७१९ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षण अवधि २०८२।०५।०२ देखि २०८२।०५।०६ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- गाउँपालिकाको आय-व्ययतर्फ रु.१ अर्ब ९ करोड १ लाख ५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २६९५०६/- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि नं	विवरण	रकम
१	**सामाजिक सुरक्षा फिर्ता**	**१४१७६८**
२	**बढि भुक्तानी भएको भत्ता**	**१९०८७**
	काल ढुङ्गे बेलडाडा धार्दीगाउँ सडक हर्मी पराजुलीगाउँ निवारे ठाडे सडक स्तरोन्नती आयोजनाको नापी कितावमा भन्दा वढी भुक्तानी असुल गरी दाखिला भएको	१०८६५१
	जम्मा	**२६९५०६**

२ प्राप्ती तथा भुक्तानी

मलेप फारम नं २७० अनुसार २०८१।८२ को यस सिरानचोक पालिकाको प्राप्ति तथा भुक्तानीको हिसाब देहाय अनुसार रहेको छ ।

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)					
क्र.स./आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार		गत आ.ब. को कारोबार	
		नगद	जम्मा	नगद	जम्मा
	राजस्व अनुदान र अन्य प्राप्ति				
११०००	कर	९४७२७३७६.९६	९४७२७३७६.९६	८२८७४५१९.२५	८२८७४५१९.२५
१३०००	अनुदान	४२०७४१७७४.६	४२०७४१७७४.६	४२८९००७३८.१	४२८९००७३८.१
१४०००	अन्य राजस्व	३३६०७२०.५७	३३६०७२०.५७	५५९४४८१.५४	५५९४४८१.५४
१५०००	विविध प्राप्ति	१८,७००.००	१८,७००.००	३५६४५८.	३५६४५८.
क	कुल जम्मा प्राप्ति	५१८८४८५७२.१३	५१८८४८५७२.१३	५१७७२६१९६.८९	५१७७२६१९६.८९
३	चालु	३६९८८९५७५.२२	३६९८८९५७५.२२	४३८७७५७४१.६६	४३८७७५७४१.६६
२१०००	पारिश्रमिक / सुविधा	२९०८३५५०२.२२	२९०८३५५०२.२२	२५८८७९२५०.१८	२५८८७९२५०.१८
२२०००	मालसामान तथा सेवाको उपयोग	५७३९७८३६.	५७३९७८३६.	१३०३७९७३३.	१३०३७९७३३.
२५०००	सहायता (Subsidy)	६५००००.	६५००००.	१४५००००.	१४५००००.
२६०००	अनुदान	१५३५५००३.	१५३५५००३.	०	०
२७०००	सामाजिक सुरक्षा	४०९४८३४.	४०९४८३४.	४०२६७८६.	४०२६७८६.
२८०००	अन्य खर्च	१५५६४००.	१५५६४००.	४४०३९९७२.४८	४४०३९९७२.४८
४	पूंजीगत	१५४०७४७६२.९१	१५४०७४७६२.९१	१८३५९२५३४.	१८३५९२५३४.
३१११०	भवन तथा संरचना	४२४५८९०.०२	४२४५८९०.०२	३७२१६६२७.	३७२१६६२७.
३११२०	सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स	१३००८३७०.	१३००८३७०.	८३५५४८२.	८३५५४८२.
३११३०	अन्य पूँजीगत खर्च	३४३८५१६.	३४३८५१६.	५६८४२३.	५६८४२३.
३११५०	सार्वजनिक निर्माण	१३१४३६००६.८९	१३१४३६००६.८९	१३६५१२३३८.	१३६५१२३३८.
३११६०	निर्मितसरचनाको सुधार खर्च	१९४५९८०.	१९४५९८०.	९३९६६४.	९३९६६४.
ख)	कुल जम्मा भुक्तानी	५२३९६४३३८.१३	५२३९६४३३८.१३	६२२३६८२७५.६६	६२२३६८२७५.६६
ग)	बचत /कमी (ग = क-ख)	-५११५७६६.	-५११५७६६.	-१०४६४२०७८.७७	-१०४६४२०७८.७७
घ)	धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)	७३६६५१.४४	७३६६५१.४४	४६०५८११.४१	४६०५८११.४१
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी				
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	-४३७९११४.५६	-४३७९११४.५६	-१०००३६२६७.३६	-१०००३६२६७.३६
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	१२९९६४६६७.७६	१२९९६४६६७.७६	२३०००१४३५.१२	२३०००१४३५.१२
छ)	विनिमय नाफा/घाटा तथा अन्य				

	समायोजन				
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	१२५५८५५५३.२	१२५५८५५५३.२	१२९९६५१६७.७६	१२९९६५१६७.७६

३ **एकिकृत आय व्यय**

सि नं	आयतर्फ			सि नं	व्ययतर्फ		
	विवरण	रकम	जम्मा रकम		विवरण	रकम	जम्मा रकम
1	गत वर्षको जिम्मेवारी	116,553,462.20	116,553,462.20	1	गाउपालिका जम्मा खर्च		241,035,563.53
2	आन्तरीक राजश्व तर्फ	8,732,098.21	8,732,098.21		क)गाउपालिका चालु खर्च	107,998,073.62	
3	राजश्व वाडफाड तर्फ		89,375,199.32		ख)गाउपालिका पुजिगत खर्च	133,037,489.91	
	क)राजश्व वाडफाड -संघ	82,261,311.85		2	संघीय सरकारबाट प्राप्त अनुदान		276,451,900.60
	ख)राजश्व वाडफाड -प्रदेश	7,113,887.47			क) सशर्त अनुदान चालु	261,891,501.60	
4	संघिय सरकारबाट प्राप्त अनुदान		443,031,222.00		ख) सशर्त अनुदान पुजिगत	520,307.00	
	क)वित्तीय समानीकरण अनुदान	119,288,000.00			ग) समपूरक अनुदान पुजिगत	4,884,860.00	
	ख) सशर्त अनुदान चालु	304,203,130.00			घ) विशेष अनुदान चालु	9,155,232.00	
	ग) सशर्त अनुदान पुजिगत	5,500,000.00		3	प्रदेश सरकारबाट प्राप्त अनुदान		6,476,874.00
	घ) समपूरक अनुदान पुजिगत	4,884,860.00			क) विशेष अनुदान	1,574,874.00	
	ङ) विशेष अनुदान चालु	9,155,232.00			ख) समपूरक अनुदान	4,902,000.00	
5	प्रदेश सरकारबाट प्राप्त अनुदान		25,002,774.00	4	संघीय सरकारबाट प्राप्त अनुदान फीर्ता	47,292,221.40	47,292,221.40
	क)वित्तीय समानीकरण अनुदान	18,525,000.00		5	बैक मौज्दात	111,438,196.20	111,438,196.20
	ख) सशर्त अनुदान			6	अन्तर सरकारी अख्तियारी - संघ		188,521,862.00
	ग) समपूरक अनुदान	4,902,000.00			क)सामाजिक सुरक्षा	187,507,072.00	
	घ) विशेष	1,575,774.00			ग)रोजगार प्रवर्धन कार्यक्रम	124,790.00	

	अनुदान						
6	अन्तर सरकारी अख्तियारी -संघ		188,521,862.00		घ)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	890,000.00	
	क)सामाजिक सुरक्षा	187,507,072.00					
	ग)रोजगार प्रवर्धन कार्यक्रम	124,790.00					
	घ)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	890,000.00					
7	अन्तर सरकारी अख्तियारी -प्रदेश		20,701,542.00	7	अन्तर सरकारी अख्तियारी -प्रदेश		20,701,542.00
	क)उद्धोग पर्यटन वन तथा वातावरण मन्त्रालय	706,565.00			क)उद्धोग पर्यटन वन तथा वातावरण मन्त्रालय	706,565.00	
	ख)शहरी विकास तथा भवन निर्मण डिभिजन कार्यालय	19,994,977.00			ख)शहरी विकास तथा भवन निर्मण डिभिजन कार्यालय	19,994,977.00	
8	धरौंटी तर्फ		11,036,424.00	8	धरौंटी तर्फ		11,036,424.00
	क) बैक मौज्दात	8,424,344.00			धरौंटी खर्च	1,875,428.00	
	ख) धरौटी आय	2,612,080.00			धरौटी मौज्दात	9,160,996.00	
9	कोष तर्फ		4,986,861.00	9	कोष तर्फ		4,986,861.00
	क)प्रकोप ब्यवस्थापन कोष	4,886,861.00			क)प्रकोप ब्यवस्थापन कोष	4,886,861.00	
	ख)विविध कोष खाता				ख)विविध कोष खाता		
	ग)लैगिक हिंसा निवारण कोष	100,000.00			ग)लैगिक हिंसा निवारण कोष	100,000.00	
	जम्मा		907,941,444.73		जम्मा		907,941,444.73

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

४ **वित्तीय विवरण विश्लेषण**

४.१ वित्तीय विवरण – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७९।८।२० मा नेपाल सरकारबाट स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान को (NEPSAS based) ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाको सम्पुर्ण आर्थिक कारोबार SUTRA मा अभिलेख नभएकाले उक्त विवरणले यथार्थ चित्रण गरेको छैन। अन्तरसरकारी अख्तियारीतर्फको संघीयतर्फको रु ५५७६३३००५ ।र प्रदेश तर्फको रु. २०७०१५४२।– समेत रु ५७८३३४५४७ SUTRA सफ्टवयेरमा समावेश नभएको व्यहोरा कार्यालयले जनाएको छ।सम्पुर्ण आर्थिक कारोबार SUTRA मा अभिलेखांकन गर्नु पर्दछ ।

संघीय सरकारवाट हस्तान्तरित अन्तरसरकारी अख्तियारी		
व उ शि नं	कार्यक्रमको नाम	खर्च रकम
३७१००१०१३	रोजकार प्रबर्द्धन कार्यक्रम	१२४७९०
३७०००११४३	स्वास्थ्य सुधार कार्यक्रम	३७०००११४३
३१४०१०१२३	सामाजिक सुरक्षा	१८७५०७०७२
जम्मा		५५७६३३००५
प्रदेश सरकारवाट हस्तान्तरित अन्तरसरकारी अख्तियारी		
३३७०४०११४	सहरी विकास तथा भवन निर्माण	१९९९४९७७
३०७०००११३	उद्योग पर्यटन वन तथा वातावरण	७०६५६५
जम्मा		२०७०१५४२
कुल जम्मा		५७८३३४५४७

४.२ **आर्थिक कारोबारको लेखाङ्कनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) अनुसार प्रतिवेदन गर्नु पर्दछ ।तर स्विकृत लेखा ढाँचामा बिबरण समेत अभिलेखमा आउने गरी म.ले.प. फारामहरुको प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन गरेको पाईएन । पालिकाले, बस्तु तथा निर्माणको खरिद योजना- ३११, परामर्श सेवाको खरिद योजना- ३१२, मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता-४१५, घर जग्गाको लगत किताब-४१७, आइटमवाइज कार्य अभिलेख खाता- ५०५, ठेक्कासँग सम्बन्धित गोश्वारा लगत- ५०७, बेरुजु लगत- ८०१, सम्परीक्षण गोश्वारा अभिलेख- ८०५, बिद्युतिय प्रणाली प्रयोगकर्ताको बिबरण, परिबर्तन र स्थगन अभिलेख-९०२ तयार गरेको देखिएन । स्वीकृत लेखा ढाँचामा लेखा राखी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गरीनुपर्दछ ।

५ **योजना तर्जुमा, बजेट तथा कार्यक्रम**

५.१ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका

प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा २०८१।३।१० गते रु. ७२ करोड ५४ लाख ०७ हजारको बजेट सभा समक्ष पेश गरी पारित गरेको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८१।०४।०४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

५.२ **बजेट तथा कार्यक्रम तर्जुमा**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता समेत कायम गरेको नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

५.३ **गत आ.व.को भुक्तानीः**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) बमोजिम तोकिएका खर्च शीर्षकहरुमा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा कार्यालयले आगामी वर्षमा भुक्तानी दिने गरी स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार पारी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नु पर्ने व्यवस्था छ ।त्यसैगरी यदि उक्त खर्च पालिकाको आन्तरिक श्रोतबाट व्यहोरिने भए आर्थिक वर्षको अन्त्यमा भुक्तानी हुन बाँकीको विवरण प्रमाणित गराई नगरसभाबाट बजेट स्वीकृत गराई खर्च लेख्नु पर्दछ। पालिकाले, विभिन्न व्यक्ति तथा फर्मको भुक्तानी हुन बाँकी दायित्वहरु मौरी घार निर्माण, भकारो सुधार लगायतमा रु २९०५३२२।उल्लेख गरी बजेट विनियोजन गरेको छ। विनियोजन कुशलताको अभाव तथा बजेट सिमाभित्र रही खर्च नगर्ने परिपाटीले बजेटमा चाप पर्ने र दिर्घकालीन लाभ तथा दिगो प्रकृतिका विकासका कार्य सञ्चालन नभई अपेक्षित लाभ समुदायले प्राप्त गर्ने स्थिति रहँदैन। यसमा सुधार हुनुपद्र्छ ।

५.४ त्रैमासिक पूँजीगत खर्च - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा प्रगति विवरण वनाई पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको देहाय बमोजिम रहेको देखिन्छ ।

बजेट उपशीर्षक	बजेट र खर्च		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	अषाढ महिना
	बजेट	खर्च	खर्च	खर्च	खर्च	खर्च	खर्च
पुजीगत		१५४०७४७६३	९९६८८६०	२००८५२	२३०७३०२७	१२०८३२०२३	९७२२०१६२
जम्मा		१००	६.४६	०.१३	१४.९८	७८.४३	६३.०९

स्वीकृत बार्षिक कार्यक्रम बमोजिम त्रैमासिकगत रुपमा कार्यक्रमलाई प्राथमिकीकरण गरी खर्च गर्नुपर्नेमा पूँजीगत खर्च चौथो चौमासिकमा मात्र ७८.४३ प्रतिशत र असारमा मात्र ६३.०९ प्रतिशत खर्च गरेको छ । वर्षान्तमा हतारमा काम गराउँदा उपलब्ध जनशक्तिबाट अनुगमन गर्न कठिन भइ कामको गुणस्तरमा समेत असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप वर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

५.५ **क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.सं.	क्षेत्र/उप क्षेत्र	वार्षिक बजेट	खर्च	प्रतिशत
१	आर्थिक विकास	६२४९८०००	३०६५८५६४	५.९०
२	सामाजिक विकास	३१६५५३५००	२६४३७५५६४	५०.९३
३	पूर्वाधार विकास	१८५१५४४६२	१०९१६५८५८	२१.०३
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१६७३३०००	६८४७७२८	१.३२
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१२९४६९०००	१०८०३१७६३	२०.८२
कुल जम्मा		७१०४०७९६२	५१९०७९४७८	१००

उल्लिखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ ५.९०, सामाजिक क्षेत्रतर्फ ५०.९३, पूर्वाधारतर्फ २१.०३, सुशासन र अन्तरसम्बन्धित क्षेत्रतर्फ १.३२ र कार्य सञ्चालन तथा प्रशासनिक खर्च २०.८२ प्रतिशतले खर्च गरेको देखिंदा गरिवी निवारण लगायतको कामको लागि सन्तुलित रुपमा बजेट विनियोजन एवं खर्च गर्नुपर्दछ।

५.६ **खर्च बिश्लेषण**–पालिकाले यस बर्ष कुल आन्तिरक आयबाट रु ८७३२०९८।२१ राजस्व बाँडफाँड र अनुदानबाट रु ५५७४०९१९५समेत ५६६१४१२९३।२१ आम्दानी भएकोमा चालु तर्फ रु३६९८८९५७५।२२ र पूँजीगत तर्फ रु १५४०७४७६२।९१ र समेत रु ५२३९६४३३८।१। खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १।६७ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु ८८,११,३६९। खर्च भएको छ जुन आन्तरिक आयको १०१।१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७२।७९ प्रतिशत चालु र २७।२ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ अत प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

५.७ **योजना र कार्यान्वयन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलब्धि नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समिति तथा निर्माण व्यवसायी मार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

सि.न.	विवरण	योजनाको संख्या	जम्मा रकम
१	रु एक लाख भन्दा कमका योजनाहरु	५४	३७०९९७४
२	रु एक लाख देखी पाँच लाख सम्मका योजनाहरु	१८२	२८०२१८७३
३	रु पाँच लाख देखी दश लाख सम्मको योजनाहरु	३९	४७२६५६२४.५८
४	दश लाख देखी पचास लाख सम्मका योजनाहरु	१३	१४४३४८४०
५	पचास लाख भन्दा माथिका योजनाहरु	३	५१४८७२१९
	जम्मा		१४४९१९५३१

६ आन्तरिक नियन्त्रण प्रणाली

६.१ **आन्तरिक नियन्त्रण प्रणाली**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७८।८।१३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वियन गर्न परिपत्र गरेको छ । हालसम्म यस गाउँपालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका बनाई लागु गरेको छैन । यस सम्बन्धमा देखिएका व्यहोराहरु तपसिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• निजामती सेवा ऐन, २०४९ को दफा ७ख(२) वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र कर्मचारीको तलव भत्ता भुक्तानी गर्नुपर्नेमा तलबी प्रतिवेदन पारित वेगर खर्च लेखेको पाइयो ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास लक्ष्य २०१६-३० लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी गोश्वरा भौचरमा संलग्न रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• उपभोक्ता समिति मार्फत गराएकोमा निर्माण कार्यमा प्रयोग हुने मालसामानको गुणस्तर परीक्षण गराएको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाईएन ।

• वितरणमूखी कार्यक्रम संचालन गरेको,

• आर्थिक वर्षको अन्तमा खर्चको चाप हुने गरी काम गरेको,

• कार्य सम्पादन जमानीको मान्य अवधि नविकरण भएको नदेखिएको,

• चालु प्रकृतिका खर्चलाई पूँजीगत खर्चमा विनियोजन गरी खर्च गरेको,

• राजस्वको अनुमान र प्राप्ती प्रक्षेपणमूखी र दायरामुखी वनाउन नसकेको,

• प्राप्ती तथा भूक्तानीको खर्च सार्वजनिकीकरण नगरेको,

• सबै प्रकारका आयोजनामा निर्माण कार्यको गुणस्तर आश्वस्त हुने प्रमाण संलग्न गर्ने नगरेको ,

• उपभोक्ता समितिबाट गराएको काममा नियमानुसार खर्च अनुमोदन, खर्चको सूचना सार्वजनिकीकरण नगरेको, मर्मत सम्भारको जिम्मा सहित सम्पन्न योजना उपभोक्तालाई योजना हस्तान्तरण नगरेको एवंम सो को अभिलेखिकरण नगरेको ,

•स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूतम दररेट तोक्नुपर्ने व्यवस्था रहेकोमा दररेट निर्धारण नगरेको

उपरोक्त व्यहोरा पूर्ण रुपमा कार्यान्वयन नगरेका कारण वित्तीय उत्तरदायित्व एवं जवाफदेहिता र कानूनको पालनामा कमी हुने हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने र कानूनको पालना गरी सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६.२ **जिन्सी व्यवस्थापनः**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले यस नियमावली बमोजिम लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा बर्षमा कम्तीमा एक पटक आफै वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा ३ सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी गराई महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनुपर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा समेत अभिलेख अद्यावधिक गरेको छैन। वडा कार्यालयमा रहेको जिन्सी अवस्था समेत निरीक्षण गरी Public Asset Management System (PAMS) मा प्रविष्टी गरी जिन्सी मौज्दातको विवरण तयार गरी पेश गर्नुपर्दछ। पालिकाको स्वामित्वमा रहेका सबै खप्ने तथा नखप्ने समानहरुको एकिकृत अभिलेख तयार गरेको देखिएन। सार्वजनिक सम्पत्तिको यथोचित अभिलेख, संरक्षण तथा उपयोग हुने गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

६.३ **वडा कार्यालय तथा अन्य शाखावाट खरिद** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्दक्षतापूर्ण ढंगवाट सम्पादन गर्नुपर्ने व्यवस्था छ । साथै आर्थिक कार्याविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७, को नियम ९५(१) मा कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधि स्रेस्ता खडा गरी अधावधिक गरी राख्नु पर्ने व्यवस्था छ । वडा तथा अन्य शाखाको खरिदको नमुना छनौट गरी परीक्षण गर्दा वडा सञ्चालनको लागि आवश्यक सामग्री वडा पदाधिकारी आफैले माग फारम तयार गर्ने, खरिद आदेश दिने र वडा र शाखाको छुट्टै जिन्सी खातामा प्रविष्टी गर्ने, दाखिलामा जिन्सी सम्बन्धी आवश्यक स्पेशिफिकेशन नखुलाई जिन्सी आम्दानी गर्ने र कार्यालयले सोही बमोजिम विल भुक्तानी गर्ने गरेको पाइयो । बजेट संचालन गर्ने निकायवाट सामग्री खरिद गरी Public Asset Management System (PAMS) मा चढाई हस्तान्तरण मार्फत वडा कार्यालयमा दिनुपर्ने र वडाले आफूले प्राप्त गरेको जिन्सी सहायक जिन्सी खातामा आम्दानी गर्नुपर्नेमा सो नगरेको कारण एकीकृत जिन्सी अभिलेख तयार भएको छैन । यसमा सुधार हुनुपर्दछ।

६.४ **इन्धन खर्चको मापदण्ड** - सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शनमा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वियनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने ,सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । पालिकाले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख बेगर इन्धनमा रु २३८४५८२ खर्च गरेको छ। इन्धन खर्चलाई मितव्ययी बनाउन खर्च मापदण्ड निर्धारण गरी लगवुकको आधारमा मात्र खर्च लेख्न तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

६.५ **समितिको क्रियाशिलता**- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ५ मा सभाको व्यवस्थापन सम्बन्धी कार्यविधिको व्यवस्था छ । जस अन्तर्गत दफा २२ मा सभाले आफ्नो कार्यप्रणाली व्यवस्थित गर्न नियमावली बनाइ कुनै सदस्यको सँयोजकत्वमा लेखा समिति विधायन समित सुशासन समिति लगायत आवश्यक्ता अनुसार अन्य समिति र विशेष समिति गठन गर्न सक्ने उल्लेख छ। यस पालिकामा लेखा समिति गठन गरेतापनि सो समिति क्रियाशिल नरहेको एवँ विधायन समिति सुशासन समिति हरु गठन भएको पाइएन । यसरी तोकिएको सबै समितिहरु गठन नगर्ने र गठन भएका समितिहरुको पनि बैठक माईन्युट पेश भएन। सभाले यस सम्बन्धी नियमावली बनाई सबै समितिहरु गठन गरी क्रियाशिल समेतःबनाउनुपर्दछ

६.६ **आन्तरिक लेखापरीक्षण** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। कार्यालयमा आन्तरिक लेखापरीक्षकको दरबन्दी रहेतापनि आन्तरिक लेखापरीक्षण गरेको पाइएन ।आन्तरिक लेखापरीक्षणको कार्य सम्पादन हुनुपर्दछ ।

६.७ **विविध खर्च**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (६) बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले खाना तथा विविधतर्फ रु. २४९८८९८/- खर्च गरेको छ । आन्तरिक आय रु ८७३२०९८।२१ को तुलनामा २८.६२ प्रतिशत खर्च भएको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ

६.८ **सवारी साधन मर्मत**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गरायर मात्र खर्च लेख्ने र यस्तो मर्मत खर्चको अभिलेख तयार गरी म.ले.प.फा.नं. ४१५ राख्नुपर्दछ ।पालिकाले मर्मत खर्च भुक्तानी गर्दा अभिलेख तयारी नगरी रु. १८,९०,७१२ खर्च लेखेको छ। नियमको पालना तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

६.९ **आयोजना बैंक**- राष्ट्रिय योजना आयोगद्धारा प्रकाशित स्थानीयतहको योजना तर्जुमा दिग्दर्शन अनुसार स्थानीय सरकार सञ्चाल ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र तत्सम्बन्धी नियमावली, २०७७ को व्यवस्थाले रणनीतिक महत्वको आयोजनाको पहिचान, संभाव्यता अध्ययन तथा मूल्याँकन प्रतिफलमूखी वित्तीय र आर्थिकरुपमा संभाव्य आयोजना छनौट तथा प्राथमिकीकरण गर्ने र सो अनुसार श्रोत साधनको विनियोजन गरी प्रभावकारी कार्यान्वियनको लागी आयोजना बैक स्थापना गर्न सुझाएको छ । पालिकाले रणनीतिक महत्वको आयोजनाको पहिचान गर्ने एवं संभाव्यता अध्ययन लगायतको कार्य गरेको पाइएन ।आवश्यकताका आधारमा आयोजना छनौट र पहिचान गर्न र विकास व्यवस्थापनको लागि समेत आयोजना बैकको अवधारणालाई कार्यान्वियन गरिनुपर्दछ ।

६.१० **आर्थिक सहायता** - स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्नपाउने व्यवस्था रहेको देखिदैन । पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन

गरेर आर्थिक सहायता वितरण गर्नु पर्दछ ।पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न विभिन्न संस्थाहरुलाई व्यक्तिहरुलाई रु ५३८३००। कार्यपालिका निर्णयमा आधारमा आर्थिक सहायता वितरण गरेको छ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रकृयामा नियन्त्रण हुनुपर्दछ ।

६.११ **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ ।पालिकाले पेश गरेको विवरण अनुसार गत वर्षको जिम्मेवारी सरेको मुद्दा नरहेकोमा यस बर्ष १२ मुद्दा दर्ता भएकोमा ११ मुद्दा फस्र्यौट भई १ मात्र मुद्दा बाँकी रहेको देखिन्छ। पालिकाले न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

६.१२ **कानुन निर्माण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ ।यस पालिकाले हालसम्म १६ वटा ऐन, ६ वटा नियमावली, ३७ कार्यविधि तथा निर्देशिका, ७ मापदण्ड गरी जम्मा ६६ वटा कानून निर्माण गरेको छ । पालिकाले अनुमोदन गरेका कानुनलाई स्थानीय राजपत्रमा प्रकाशित गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्छ ।

६.१३ **अवकास कोष** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले उल्लिखित व्यवस्था बमोजिम नगरी यस वर्ष वित्तिय समानीकरणबाट कर्मचारी अवकास कोषमा रु ५०००००।ट्रान्सफर गरेको पाईयो । उक्त कोषको सञ्चालन सम्बन्धी ऐनमा भएको व्यवस्था बमोजिम गर्नुपर्दछ।

६.१४ **सहकारी नियमन** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४७ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

७ कर्मचारी करार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ ।पालिकाले देहायअनुसारका पदमा कर्मचारीहरु करारमा राखि तलब भत्ता वापत रु ५९११०६६ खर्च लेखेको छ । कार्यबोझ विश्लेषणका आधारमा संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण गरी कानुन बमोजिम पारदर्शी हिसाबले कर्मचारी नियुक्ति गर्नुपर्नेमा ऐनको व्यवस्था विपरित दरबन्दी भन्दा बढी कर्मचारी नियुक्ती गरी भुक्तानी नियमसम्मत नदेखिएको रु

सि.न.	पद	संख्या	जम्मा
१	अ.न.मी.	२	७३७८६०
२	स.ई.	१	४६१४९०
३	अ.स.ई	१	४३७७१३
४	अमिन	१	४०००००
५	अ.हे.व	४	१५४४५०३
६	सामाजिक परीचालक	७	१५७८०००
७	वडा सहायक	३	७५१५००
जम्मा			५९११०६६

अनियमित भएको	५९,११,०६६

८ कर दस्तुर एवं आन्तरिक आय

८.१ **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । यस बर्ष पालिकाको अनुमानित आन्तरिक आय रु ८८०००००। रहेकोमा पालिकाले विभिन्न २७ शिर्षकमा रु ८७३१५९८।२१ आय गरेको पाईयो । आयको शिर्षकगत अनुमान यथार्थपरक बनाई आय आर्जन बृद्धि गर्ने तर्फ विशेष ध्यान दिनु पर्दछ, साथै पालिकाभित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेको पाईएकोले पालिकाले आर्थिक ऐन बमोजिम संभावित करदाताको अभिलेख राखी करको दायारामा ल्याउनुपर्दछ ।

८.२ **ढिला राजस्व दाखिला गरेको** :आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को दफा २७(१) बमोजिम प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी दफा २८(२) बमोजिम आफ्नो जिम्मामा रहेको नगदी दाखिला गर्न बाँकि रहेकोमा कार्यालय प्रमुखले १० दिन सम्म ढिला गरेकोमा दश प्रतिशत जरिवाना सहित दाखिला गर्न लगाउने र सो भन्दा ढिलो गरेमा दश प्रतिशतले जरिवाना गर्न लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था भएकोमा वडा तथा पालिकाले संकलित राजस्व समयमा दाखिला नगरी ऐनले तोकेको दिन भन्दा केही दिन ढिलो गरी दाखिला गरेको पाईयो। पालिकाले ऐनमा भएको व्यवस्थाको कडाइका साथ पालना गर्नु गराउनुपर्दछ।

यस सम्बन्धमा छलफल गर्दा दैनिक असुली रकम न्यून हुने भएकाले केही ढिलो दाखिला गरिएको हो भन्ने जवाफ दिएको छ ।

८.३ **सेवा प्रवाह र आम्दानी** पालिकाले नाता प्रमाणित, घरबाटो सिफारिस, व्यक्तिगत घटना दर्ता सिफारिस लगायतको दस्तुर सुत्रबाट संकलन गरेकोमा के कति संख्यामा उक्त सेवाहरु प्रवाह गर्यो भन्ने खुल्ने सेवा प्रवाहको विवरण तयार गरी पेश गर्न नसकेको कारण सेवा प्रवाह र संकलित राजश्व भिडान गर्न सकिएन ।यसमा सुधार हुनुपर्दछ ।

९ करको दायरा विस्तार

सवारी कर स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ (१) मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ ।

सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।

मनोरञ्जन कर स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८१।८२ मा पालिकाले कूनैपनि मनोरञ्जन कर संकलन गरेको पाईएन । पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।

व्यवसाय कर स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत मात्र राखेको कर रकम संकलन गरेको पाईएन । नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । पालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख अध्यावधिक गरी करको दायराभित्र ल्याउनु पर्दछ ।

१० उपभोक्ता समिति मार्फत कार्य

१०.१ **उपभोक्ता समिति दर्ता** — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । पालिकाले यो बर्ष विभिन्न २८६ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु ९३४३२३११। भुक्तानी गरेको पाईयो ।यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति नियमानुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

१०.२ **हेभी इक्विपमेण्टको प्रयोग -**— सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ।पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगरकार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन।यसरी उपभोक्ता समितिमार्फत उपकरण प्रयोग गरी काम गराउँदा प्रतिस्पर्धा नहुने, प्राविधिक ज्ञानको अभावमा कामको गुणस्तर नहुने, पूर्ण रुपमा मेशिन प्रयोग गरी कार्य गराउँदा रोजगारी सिर्जना नहुने अवस्था देखिने हुँदा यसरी गरेको कार्य ऐन नियमको प्रतिकूल समेत देखिन्छ। यसतर्फ गाउँपालिकाले अगामि दिनमा सुधार गर्नुपर्दछ। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

गो भौ नं./मिति	आयोजनाको नाम	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
१५।२०८१।१०।६	वडा नं ५ बाटो सरसफाई	३६१४८५	एक्साभेटर / डोजर	३६१४८५
२५।२०८१।११।०९	वडा नं ८ दशै बाटो सरसफाइ	३२०९१२		३२०९१२
२७।२०८१।११।०९	वडा नं ७ दशै बाटो सरसफाई	३७२८४८		३७२८४८
	दशै बाटो सरसफाई	२९२५५१		२९२५५१
	दशै बाटो सरसफाई	३४०८६३		३४०८६३
	दशै बाटो सरसफाई	२६९९६०		२६९९६०
	दशै बाटो सरसफाई	३१७२१७		३१७२१७
	दशै बाटो सरसफाई	३२१५०१		३२१५०१
२०८२।३।२४	सादैं मोटरबाटो उपभोक्ता समिती	१३७०००		१३७०००

१०.३ **जटिलसंरचना निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ ।

१०.४ **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९(२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११५(१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको, ठेक्काद्वारा गरिने निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावी नभएको र उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने केहि निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण भएको पाईएन । पालिकाले उपभोक्ता समिति मार्फत् गराएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, कंक्रिटिङ्ग कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । PCC को M 15 भन्दा बढीको कार्यमा अनिवार्यरुपमा ल्याब टेस्ट गर्नुपर्नेमा पुर्णरुपमा गरेको छैन । तसर्थ गुणस्तरको यकिन गर्न सक्ने आधार देखिँदैन । गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ। निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ।

१०.५ **उपभोक्ताको काम-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७ (१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ।पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ।उपभोक्ता समितिले गरेका ग्यावियन बक्सको कार्यमा प्राविधिक बिजकभन्दा घटी खरीद

देखाएको छ।उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन। सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

१ १ **एजविल्ट नक्सा पेश नभएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। यस वर्ष निर्माण सम्पन्न भएका विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन सम्झौताको शर्तमा समेत नक्सा पेश गर्ने उल्लेख गरेको देखिएन। सम्पन्न योजनामा समेत एजविल्ट नक्सा भएको नपाइएकोले नियममा भएको व्यवस्था अनुसार कार्य हुनुपर्दछ।

१२ **अधुरो निर्माण कार्य**

पालिकाबाट यो बर्ष कार्यान्वयन भएका अधुरो भवन तथा सडक निर्माण कार्यमा निर्माणको शुरुवात देखिको नापी किताब नहुदा विगतमा कति काम भएको थियो भन्ने विषय एकिन गर्न सकिएन । प्रत्येक बर्ष विनियोजन गरिएको रकम बराबर कार्य भएको भनी कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने तर एकिकृत नापी किताब तयार नगर्दा कुनै कार्य आइटम दोहोरिएर मापन हुन सक्ने सम्भावना रहन्छ । यस्तै अधुरो भवन एवँ मन्दिर निर्माण कार्यको एकिकृत नापी किताब नहुदा तथा प्राविधिकले मापन गर्दा समेत विगतमा भएको कार्य, वाँकी कार्य तथा हाल भएको कार्य छुट्टाएर मापन नगरेको कारण प्राविधिकको मापन सहि थियो भनी एकिन गर्न सकिएन । आयोजनाको शुरुदेखि समाप्त हुदासम्मको मापन कार्य एउटै अभिलेखमा राखी मापन कार्यलाई व्यवस्थित बनाउनु पर्दछ ।

१३ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । यो वर्ष पालिकाले रु.४८६९५३। औषधि सोझै खरिद गरेको छ ।आपूर्ति हुने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने खुलाएको प्रमाण समावेश गरेको देखिएन ।स्थलगत निरीक्षण गर्दा औषधि भण्डारण कक्ष ओसिलो रहेको देखिँदा यसमा सुधार हुनुपर्दछ । औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए । नभएको एकीन गरी तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी खातामा अभिलेख देखिने गरी व्यवस्थित गर्नुपर्दछ ।

१४ **जनता आवास कार्यक्रम**

व्यवस्थित बसोबासको प्रवर्द्धन गर्दै सुरक्षित तथा किफायती खालका आवासहरु उपलब्ध गराउने" उद्वेश्यका साथ गरिब, पिछडिएका एवं सीमान्तकृत वर्गलाई आवास सुविधा उपलब्ध गराउने क्रममा दलित, मुस्लिम, चेपाङ, राउटे, कुसुण्डा, वनकरिया, गन्धर्व, बादी एवं सुरेल समुदायलाई लक्षित गर्दै जनता आवास कार्यक्रम सञ्चालन हुँदै आएकोमा जनता आवास कार्यक्रम आ.व. २०७५।७६ देखि प्रदेश सरकारमा हस्तान्तरण भएको छ। गण्डकी प्रदेश जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० अनुसार प्रति आवास रु ३५००००। अनुदान प्राप्त गर्ने र लाभग्राहीले कुल अनुदानको १० प्रतिशत लागत सहभागिता व्यहोर्नुपर्ने व्यवस्था छ । पहिलो किस्तामा सम्झौता अवधिमा १० प्रतिशत दोश्रो किस्तामा ४० प्रतिशत तेश्रो किस्तामा ३० प्रतिशत र अन्तिम किस्तामा २० प्रतिशत अनुदान उपलब्ध गराउने व्यवस्था छ । जसअनुसार जग खन्ने काम भएपछी पहिलो किस्ता डिपिसी पछि दोश्रो किस्ता गारो तयार भएपछी तेश्रो किस्ता र छाना तथा ढोका र शौचालय निर्माण भएपश्चात् १० प्रतिशत रकम लाभग्राहीको खातामा पठाउनुपर्ने व्यवस्था छ । त्यस्तै गरी गण्डकी प्रदेश विपन्नको घर कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० जारी भई प्रदेश भित्रका विपन्न वादी गाइने राउटे बोटे राजी दलित मुसलमान तथा लोपोन्मुख र अति सिमान्तकृत जातका विपन्न वर्गको लागि आवास निर्माणको लागि जनता आवासको कार्यविधि अनुरुपकै आवास अनुदानको व्यवस्था रहेको छ । कार्यालयले पेश गरेको विवरण अनुसार यो वर्ष जनता आवास तर्फ ८२ जनासँग

सम्झौता भई ६४ लाभग्राहीलाई पहिलो दोस्रो तेस्रो तथा अन्तिम किस्ता भुक्तानी भएको र बाँकि १४ लाभग्राहिलाई पहिलो दोस्रो तेस्रो किस्ता भुक्तानी भएको तर कार्य सम्पन्न भएको नदेखिँदा तोकिएको लक्ष्य हासिल हुने गरी लक्षित समुदायलाई आवास सुविधा उपलब्ध गराउने कार्य समयमा नै सम्पादन हुनुपर्दछ।

१५ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एव सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरुमा बाटो पि सि सी बाटो मन्दिर बाटो घोरेटो बाटो मन्दिर लगायतका निर्माणका कार्यक्रम सञ्चालन गरी यस वर्ष ६० जनालाई रोजगारी उपलव्ध गराई करोड ३२ लाख ३० हजार खर्च गरेको छ।लक्षित वर्गलाई ७७ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन।

१६ **खरिद कारवाहीको अभिलेख**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४९(१)) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ । पालिकाले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन । साथै ठेक्का सम्बन्धी गौश्वार लगत (म.ले.प.फा.नं.५०७) समेत तयार गरी राखेको पाइएन । जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन सम्बन्धी कारोबारको परीक्षण गर्न सहज भएन । सबै खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

१७ **पालिका चालु तर्फ**

१७.१ **भ्रमण खर्च अभिलेखः** भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धित कार्यालयले भ्रमण आदेश नं, भ्रमणमा खटिनेको नाम र दर्जा , खटिएको स्थान, मिति समेत खुल्ने गरी अनुसुचि ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखवाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले बिश्वसनिय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गर्नुपर्ने व्यवस्था छ । पालिकाले भ्रमण अभिलेख खाता तथा भ्रमण अनुगमन प्रतिवेदन तयार नगरि यस वर्ष रु ३३२८३७५ भ्रमण खर्च भुक्तानी गरेको पाईयो।भ्रमण पश्चात अनिवार्य रुपमा कामको व्यहोरा खुलेको अनुगमन प्रतिवेदन राख्ने तथा आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गरी नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ।

१७.२ **जिन्सी दाखिला** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७को नियम ९५(१) कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु, गराउनु पर्ने व्यवस्था रहेको छ । तर देहायअनुसार खरिद भएका सामाग्रिहरु जिन्सी दाखिला गरेको देखिएन ।उक्त सामाग्रिहरु जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु

गो भौ नं	उप शिर्षक	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम	कैफियत
३८।३। २५	संघीय हस्तान्तरित	मुक्तिनाथ कृषि कम्पनी लि	१७६८५८४	४० थान मिनिटिलर
५३२।३। २५	गाईड नक्सा फ्लेक्स तथा डिजिटल बोर्ड	ग्लोबल कम्प्युटर एणड ईलेक्ट्रोनिक्स डिजिटल बोर्ड वडा नं ६	४४०००	थान १ दाखिला नभएको
४७१।३। २४	कुटानी पिसानी मिल	मुक्तिनाथ कृषि कम्पनी लि	१६४०००	थान कुटानी मिल खर्च भएर नजाने मा दाखिला गर्नुपर्ने ३ थान
जम्मा			१९७६५८४	

प्रमाण पेश नगरेको	१९,७६,५८४

१७.३ **कार्यसम्पन्न प्रतिवेदन** गो भौ नं ४८६।३।२५आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा सरकारी रकमको खर्च लेख्नुअघि जिम्मेवार व्यक्तिले त्यस्तो रकम खर्च गर्नको लागि आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले Consulting services for social and infrastracture Development संग भुउपयोग क्षेत्र वर्गिकरण प्रतिवेदन तयारीको लागी सम्झौता गरेकोमा उक्त प्रतिवेदन पालिकामा पेश नभएको अवस्थामा समेत रु १०७८०२० भुक्तानी दिएको पाईएकोले प्रतिवेदन पेश भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१०,७८,०२०

१७.४ **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा कार्यमा रु ४००२५४०।खर्च गरेको छ। यसरी परामर्श खरिद गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन।यस्ता परामर्श खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत पालिकाले कार्यान्वयन कार्ययोजना बनाएको छैन। यस वर्ष पालिकाले परामर्श सेवामा अन्तर्गत निम्नानुसार खरिद गरेको छ ।

परामर्शदाताको नाम	कार्यक्रम	बजेट	लागत अनुमान	खर्च
S and S Development	सामाजिक परिक्षण	५०००००	४९२५००	४८९२९०
Mandala Engneering Consultancy	रोजगार रणनिति	५०००००	४९८१८८	४६४३९७
J.B Engneering	राजस्व सुधार परियोजना	५०००००	४९८२२२	४७७९९०
Sarthak Engneering Consult.	लैङ्गिक उत्तरदायित्व बजेट परिक्षण	४०००००	३९९३४२	३७५७२५
सहकार्य कन्सल्टेन्सि	आर्थिक सर्वेक्षण	११५००००	११२९३५५	१११७११८
Consulting services for social and infrastracture Development	जग्गा बर्गिकरण	१०९००००	१०८०३३५	१०७८०२०
Rising Engneering Consultancy	सडक DPR	५०००००	४८५४५०	४७५७३०
जम्मा				४४७८२७०

यस्ता अध्ययन प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता गरेर मात्र खर्च लेख्नु पर्दछ ।

१७.५ **भुक्तानीको प्रमाण** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । नमुना छनौट गरी श्रेष्ता परीक्षण गर्दा कार्यलयले देहाय अनुसारका कार्यक्रम संचालनमा आवस्यक सामाग्रीहरु खरिद गर्दा कार्यक्रम संचालन गर्ने कर्मचारीको नाममा वजेट खर्च लेखी भुक्तानी दिएको पाईयो।सम्बन्धित फर्मलाई नै भुक्तानी गरी सोधभर्ना दिने कार्य नियन्त्रण गर्नुपर्दछ ।

गो भौ नं मिति	कार्यक्रम	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम
४०२।३।१९	ढाका उद्योग प्रवर्द्धन कार्यक्रम लगायत	शारदा ढकाल	१०७००००
४८९।३।२५	बमौसमी फुल खेती सम्बन्धी एडभान्स तालिम लयागत	शारदा ढकाल	४८९८५०
५०३।३।२५	सामाजिक सचेतनाका लागि रिफ्लेक्ट विधिद्धारा १६ हप्ते कार्यक्रम सच्चालन	शारदा ढकाल	४०००००
५०१।३।२५	विविध कार्यक्रम	शारदा ढकाल	४८९८५०
४५९।३।२३	कृषक पाठशाला कार्यक्रम	स्वस्तिका अर्याल	१९९७४०

१७.६ **वैदेशिक भ्रमण** गोभौ नं ४८०।३।२५ भ्रमण खर्च नियमावली, २०६४ को नियम ३(५) अनुसार अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि पदाधिकारी वा कर्मचारीले विदेश भ्रमण गर्नुपर्दा नेपाल सरकार मन्त्रिपरिषदले निर्णय गर्नुपर्दछ । यस पालिकाकाको उपाध्यक्ष रिता देवकोटा (21 oct 2024 देखि 25 oct 2024) २०८१।७।५ देखि ९ गते सम्म चिनमा भएको कार्यक्रममा सहभागि भए बापत भ्रमण खर्च रु २१३१५० बुझेको देखिन्छ । सो कार्यक्रममा वैदेशिक भ्रमणको लागि कानुन बमोजिम स्वीकृती समेत नलिइ विदेश भ्रमण गरेको र भ्रमण भत्ता बुझेको देखिन्छ ।यसरी नेपाल सरकार मन्त्रिपरिषदले निर्णय वेगर भुक्तानी भएको रकम नियमसम्मत मान्न नसकिएको रु

अनियमित भएको	२,१३,१५०

१७.७ **बढि भुक्तानी** गो भौ नं ४०२।३।१९ सिरानचोक गाउपालिकाको खर्च मापदण्ड सम्बन्धी कार्यविधि (दोस्रो संशोधन), २०८१ को दफा ७(२) मा सीप विकास तालिम संचालन गर्दा बाह्य प्रशिक्षकको हकमा ३० कार्यदिन भन्दा बढीको तालिममा प्रशिक्षक भत्ता प्रतिदिन १००० का दरले उपलब्ध गराउनुपर्ने व्यवस्था छ ।पालिकाले ४५ दिने सिपमुलक तालिम संचालन गर्दा प्रशिक्षक श्री जमुना राईलाई ४६ दिनको प्रतिदिन रु.१५०० को दरले ६९०००(कर कट्टि गरि ५८६५०) भुक्तानी दिई खर्च लेखेकोमा रु. २०४०० वढी भुक्तानी भएको पाईयो।उक्त वढी भुक्तानी भएको रकम सम्बन्धित व्यक्तिबाट असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	२०,४००

१७.८ **आतेजाते खर्च** ५०१।३।२५ सिरानचोक गाउपालिकाको खर्च मापदण्ड सम्बन्धी कार्यविधि (दोस्रो संशोधन), २०८१ को सिपमुलक तालिम गोष्ठि कार्याशालामा सहभागिलाई यातायात खर्च उपलब्ध गराउने सम्बन्धि व्यवस्था रहेतापनि नमुना छनौट गरी स्रेस्ता परीक्षण गर्दा पालिकाद्धारा संचालित तल उल्लिखित कार्यक्रममा सोहि वडामा तथा विद्यालयको कक्षा कोठामा संचालित कार्यक्रममा सहभागीलाई यातायात खर्च दिएको औचित्यपूर्ण देखिएन। तसर्थ उक्त रकम नियमम्मत नदेखिएको रु.

शिर्षक	कार्यक्रम	रकम
५०१।३।२५	महिला र पुरुषको समान बुझाई सम्बन्धी कार्यक्रम	२४०००
	बालश्रम मुक्त वडा घोषणा कार्यक्रम	४००००
२४१।१।९	विद्यालयमा लागु औषध दुर्व्यसनी सम्बन्धी कार्यक्रम	११०००
१५३।११।९	लैगिक हिंसा विरुद्धको १६दिने अभियान	३५७००
	जम्मा	११०७००

अनियमित भएको	१,१०,७००

१७.९ **कर्मचारी प्रोत्साहन तथा अतिरिक्त भत्ता** – स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले यो वर्ष कर्मचारी प्रोत्साहन मा रु १३६३८६२ खर्च गरेको छ । पालिकाले कर्मचारी प्रोत्साहन कार्यविधि, २०८१ तर्जुमा गरेता पनि कार्यसम्पादन सूचकका आधारमा मात्र प्रोत्साहन भत्ता उपलब्ध गराई मित्तव्ययीता कायम हुनुपर्दछ ।

१७.१० **बिउ पुर्जीँ निर्माण**- गो भौ नं २०७।३।१७ कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.११ मा शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रममा सामुदायिक सिकाई केन्द्रलाई एकमुष्ट अनुदान उपलब्ध गराउने व्यवस्था छ ।पालिकाले सिरानचोक सामुदायिक सिकाई केन्द्रलाई रु २०००००। अनुदान निकासा दिएकोमा सामुदायिक सिकाई केन्द्रले देहाय अनुसारका ५ आमा समुहलाई बिउ पुर्जीँ निर्माणका लागि रु १०००० का दरले रु.५०००० कार्यविधी विपरित अनुदान उपलब्ध गराएको पाईयो ।कार्यविधीमा उल्लेख नभएको अवस्थामा समेत अनुदान उपलब्ध गराएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

आमा समुहको नाम	बुझ्ने व्यक्ति	रकम
नवजागरण आमा समुह	सिता भुजेल	१००००
परिवर्तन आमा समुह	मनमाया नेपाली	१००००
वनमाला आमा समुह	गंगा माया गुरुङ्ग	१००००
सिखर भोले आमा समुह	चित्रा गुरुङ्ग	१००००
मुहान भुमि आमा समुह	सानु गुरुङ्ग	१००००
जम्मा		५००००

असुल गर्नुपर्ने	५०,०००

१८ **राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता**

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० मा कक्षा १२ सम्म नियमितरुपमा अध्ययनरत १८ बर्षभन्दा मुनिका छात्र ।छात्राहरुबीच प्रतियोगिता संचालन सम्बन्धी व्यवस्था छ । साथै सार्वजनिक खरीद ऐन, २०६३ को परिच्छेद २ मा खरीद कारवाहीको तयारी खरीद योजना र लागत अनुमान सम्बन्धी व्यवस्था छ । कार्यक्रम सञ्चालन पूर्व लागत अनुमान स्वीकृति वेगर नै खर्च गरेको तथा प्रतियोगिता सम्पन्न भए पश्चात् सोको प्रगति प्रतिवेदन पेश नगरी रु २१११११९०। भुक्तानी गरेको छ ।यसरी गरिने खर्चमा मित्तव्ययिता अपनाउनु पर्दछ ।

१९ **विपद व्यवस्थापन**

समिति गठन - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेकोमा नियमित बैठक बसेको पाइएन। ऐनमा तोकिएको काम, कर्तव्य र अधिकारको कार्यान्वयनमा समितिलाई प्रभावकारी बनाउनुपर्दछ।

कार्य योजना - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/

कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।

वार्षिक प्रतिवेदन – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । प्रकोप व्यवस्थापन कोषको स्थापना गरी सो कोषमा रु ४८८६८६१। जम्मा गरेको भएपनि यस वर्ष कुनै खर्च गरेको पाईएन, त्यस्तै पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

२० **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार विभिन्न व्यक्ति तथा समूहलाई अनुदानमा खर्च लेखेका पाईयो। तर पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

कार्यक्रमको नाम	समूहको नाम/ लाभग्राही	भुक्तानी रकम
कोल्ड रुम निर्माण	१) सम्बृद्धि कृषि सहकारी(वडा नं ४)	२००००००
उन्नत जातको आलुको विउ खरिद	सि.गा.पा.का सम्पूर्ण वडाका किसानहरु	१३७५०००
धान तथा मकै बालि प्रवर्द्धन (उन्नत जातको मकैको विउ वितरण)	सि.गा.पा.का सम्पूर्ण वडाका किसानहरु	३९९०००
धान तथा मकै बालि प्रवर्द्धन (उन्नत जातको धानको विउ वितरण)	सि.गा.पा.का सम्पूर्ण वडाका किसानहरु	४०००००
आधुनिक प्लाष्टिक घर निर्माण	१) के एण्ड पि बहुउदेश्य कृषि तथा पशुपंक्षी फर्म चन्द्र कृषि तथा पशुपंक्षी फर्म मग्राती कृषि तथा पशुपंक्षी फर्म लगायत	७०००००
कृषि मेसिनरी औजार खरिद	सि.गा.पा.का सम्पूर्ण वडाका किसानहरु	८८४०००
गोला सहितको मौरी घार वितरण	सि.गा.पा.का सम्पूर्ण वडाका मौरीपालक किसानहरु	३९९०००
म्यानुअल स्प्रयेर वितरण	सि.गा.पा.का सम्पूर्ण वडाका किसानहरु	१२८८००
खालि मौरीको घार वितरण	सि.गा.पा.का सम्पूर्ण वडाका मौरीपालक किसानहरु	३८००००
साना सिँचाई कुलो निर्माण	पालिका भित्र माग र आवश्यकता अनुरुप १४ वटा सिँचाई कुलो निर्माण कार्य सम्पन्न	४०१४०००
गाई बस्तु श्रोत केन्द्र स्थापना	श्री संसारी कृषि बहुउद्देशिय सहकारी संस्था	४२८५८०
गोठ सुधार कार्यक्रम	वडाका लाभग्राही	६४०६८५
बाख्रा प्रवार्द्धन कार्यक्रम	चिप्लेटि र हर्मि बाख्रा पालन समुह	११७७८०९
जम्मा		१२९२६८७४

२१ **शिक्षा तर्फ**

२१.१ **शिक्षकको तलब भत्ता-** अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने शैक्षिक सत्र २०८१ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दी बाहिर विभिन्न विद्यालयहरुमा ९ जना पालिका शिक्षक नियुक्त गरी समानीकरण अनुदानबाट रु १२६०००० अन्य शिक्षकलाई थप भएको रकम समेत जम्मा ४८०९०००। तलब भत्ता भुक्तानी गरेकोले यस्तो खर्चमा सुधार गर्नुपर्दछ ।

२१.२ **दिवा खाजा** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१/८२ क्रियाकलाप नं. २.७.११.१ (घ) अनुसार दोस्रो त्रैमासिक देखि स्थानीयतहले विद्यालय भौतिक रुपमा पूरा समय चलेको दिन खाजा उलब्ध गराईएका विद्यालयको प्रधानाध्यापक र विव्यस अध्यक्षबाट विद्यार्थीको सङ्ख्यात्मक विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउने उल्लेख छ । त्यसैगरी क्रियाकलाप नं. २.७.११.१ (छ) अनुसार विद्यालयबाट गरिएको दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीयतहबाट गर्ने र सबै सामुदायिक विद्यालयमा दिवा खजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने एवँ उक्त निरीक्षण पुस्तिकामा सङ्घिय सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी एवम् कर्मचारी र निरीक्षण अनुगमनमा खटिएका व्यक्तिले आफ्नो राय सुझाव दिने व्यवस्था रहेको छ । पालिकाले विद्यालयमा अनुगमन निरीक्षण नगरी रु ३६५२०६५ खर्च गरेको छ ।कार्यक्रम कार्यान्वयन पुस्तिकामा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

२१.३ **सेनिटरी प्याड** कार्यक्रम कार्यान्वयन पुस्तिका, क्रियाकलाप २.७.१३.२३ सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क सेनिटरी प्याड व्यवस्थापनका लागि प्रति विद्यार्थी अनुदानमा स्थानीय तहले विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गर्ने तथा विद्यालयले सो कार्यमा भएका कार्यहरूको प्रतिवेदन तयार गरी गरी स्थानीय तहमा पठाउने भन्ने व्यवस्था छ। स्यानीटरी प्याड वितरण सम्बन्धी मापदण्ड २०७६ को दफा ६(२) मा विद्यालयले छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन नगरी तथा छात्राहरुको नाम नामेसी विवरण नखुलाई रु.४७९२६१। भुक्तानी खर्च लेखेको छ । मापदण्डमा भएको व्यवस्थाको पालना गररे मात्र खर्च लेख्नुपर्दछ ।

२१.४ **शिक्षक विद्यार्थी अनुपात** - स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिको निर्णयले न्यून विद्यार्थी भएका विद्यालयलाई अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्नसक्ने उल्लेख छ । निर्देशिकाको बुँदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ । यस पालिका अन्तर्गत रहेका ४४ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ ।

क्र स	विद्यालयको नाम	शिक्षक दरबन्दी विवरण			पदपुर्ति विवरण				विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
		स्थायी	राहत	करार	स्थायी	राहत	करार	निजी स्रोत		
१	नेपाने मा वि	९	३	-	९	३	-	-	१११	१:९
२	जीवन आ वि	५	१	-	५	१	-	-	३६	१:६
३	महेन्द्र ज्योति प्रा वि	४		१	४		१	-	३५	१:७
४	बालकन्या प्रा वि	-	-	-	-	-	-	१	४	१:४
५	आहाल भञ्याङ मा वि	१२	१	१	१२	१	१	-	७०	१:५
६	झिम्रेक महिपते मा वि	१०	२	२	१०	२	२	-	१०६	१:८
७	सूर्योदय प्रा वि	२	-	२	२	-	२	-	२३	१:६
८	नवचेतना प्रा वि	२	-	-	२	-	-	-	८	१:४
९	महेन्द्र लिला मा वि	१५	२	३	१५	२	३	-	२१५	१:११
१०	चम्पावति मा वि	१२	२	३	१२	२	३	-	१४३	१:८
११	शिखर ज्योति प्रा वि	४	१	-	४	१	-	-	४१	१:८
१२	विज्ञान प्रा वि	३		१	३		१	-	४०	१:१०
१३	सरस्वति प्रा वि	२		-	२		-	-	१६	१:८
१४	धर्मावति मा वि	१३	१	-	१३	१	-	-	१३९	१:१०
१५	सर्वोदय आ वि	७	१	१	७	१	१	-	७२	१:८
१६	जनज्योति आ वि	६	४	-	६	४	-	-	५६	१:६
१७	मण्डली मा वि	२०	-	२	२०	-	२	-	३४२	१:१६
१८	चित्रेपोखरी मा वि	९	३	१	९	३	१	-	१०२	१:८
१९	जनकल्याण प्रा वि	१		-	१		-	-	९	१:९
२०	बाललहरी प्रा वि	३		-	३		-	-	२९	१:१०
२१	भद्रशिला प्रा वि	-		-	-		-	१	४	१:९
२२	सहयोग सदन प्रा वि	२		-	२		-	-	१०	१:५
२३	संसारी महेन्द्र मा वि	१३	२	४	१३	२	४	-	३२७	१:१७
२४	कृष्ण ज्योति मा वि	८	३	-	८	३	-	-	१४६	१:१३
२५	हिमाली मा वि	४	३	१	४	३	१	-	६०	१:८
२६	नामरुक देवी आ वि	४	-	१	४	-	१	-	२१	१:४
२७	हनुमान प्रा वि	-	१	-	-	१	-	-	१२	१:१२
२८	जनकल्याण मा वि	१२	१	४	१२	१	४	-	११७	१:७
२९	चन्द्रोदय मा वि	६	६	-	६	६	-	-	१००	१:१७

३०	जनजागृति प्रा वि	१	२	-	१	२	-	-	१८	१:६
३१	सूर्यज्योति प्रा वि	२	-	-	२	-	-	-	७	१:५
३२	श्रीनाथ प्रा वि	२	-	१	२	-	१	-	२३	१:८
३३	अर्कुल प्रा वि	४	-	-	४	-	-	-	५५	१:१४
३४	बालज्योति प्रा वि	२	३	-	२	३	-	-	५३	१:११
३५	परोपकार आदर्श मा वि	१७	-	३	१७	-	३	-	३६४	१:१८
३६	जनज्योति मा वि	१४	१	३	१४	१	३	-	१६७	१:९
३७	आदर्श प्रा वि	२		-	२		-	-	७	१:४
३८	सीता देवी प्रा वि	२		-	२		-	-	२७	१:१४
३९	फिनाम प्रा वि	२		-	२		-	-	१६	१:८
४०	सत्यदेवी प्रा वि	१	१	-	१	१	-	-	२०	१:१०
४१	सामुदायोक प्रा वि	-		-	-		-	१	३	१:३
४२	वुद्धिकल्याण प्रा वि	२		-	२		-	-	१६	१:८

यस पालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:३ देखि १:१८ सम्म रहेको प्राप्तविवरणबाट देखिन्छ । सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्नगएको अवस्था देखिन्छ । अतः भौगोलिक दुरी टाढा भएमा बालविकाश केन्द्र स्थापना गरी न्युन विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान गरीपठनपाठन व्यवस्थित गर्नुपर्दछ ।

२१.५ विद्यालयको अनुगमन नियमन व्यवस्था – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धित कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्य शिक्षण सिकाई कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । साथै पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनुपर्दछ ।

२२ राष्ट्रपति महिला उत्थान कार्यक्रम

जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड २०७७को दफा ९ संस्थाले लक्षित समुहहरुलाई सिप तथा व्यवसायिक विकास तालिम प्रदान गरी व्यक्तिगत वा सामुहिकरुपमा आयआर्जन व्यवसाय सञ्चालन गर्नेगरि प्रस्ताव पेश गर्ने व्यवस्था छ । सोहि मापदण्डको दफा ६ मा तालिम प्रदान संस्थाले तालिम अवधिको कार्यतालिकामा सीप तथा व्यवसायिक विकासका सत्रहरु अनिवार्य रुपमा समावेश गरी तालिमका विषय विधि र सत्र समेत खुलाई पेश गर्नु पर्ने उल्लेख छ । साथै दफा १०(ज) मा कार्यक्रम संचालन पश्चात सम्बन्धित स्थानीय तहमा प्रतिवेदन पेश गर्ने उल्लेख गरेको छ । पालिकाले सात कन्या देवी कफी उत्पादक कृषि सहकारी संस्था लि संग मिति मा २०८१।१२।२२ सम्झौता गरी रु ७५०००० भुक्तानी गरेको छ । व्यवसायिक योजना तथा कार्यसम्पन्न प्रतिवेदन समेत पेश नगरी भुक्तानी गरेको छ । मापदण्डमा भएको व्यवस्था पालना हुनुपर्दछ ।

२३ पुर्जीँगत तर्फ

२३.१ **उपभोक्ता समितीको योगदानः** गण्डकी प्रदेश सरकारको साना तथा आधुनिक सिंचाई कार्यक्रम संचालन कार्यविधी, २०७५ मा साना सिचांई आयोजनामा उपभोक्ताको समितिको न्युनतम योगदान १५ % हुनुपर्ने व्यवस्था भएकोमा पालिकाले देहाय अनुसारका योजनामा कार्यविधीमा भएको व्यवस्था भन्दा कम योगदान कट्टि गरी रकम भुक्तानी दिएकोले पाईएकोले सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

गो.भौ.न.।मिति	विवरण	कुल खर्च	हुनुपर्ने योगदान	भएको योगदान	फरक रकम
९९।२०८२।१।२२	सातविसे सतह सिंचाई योजना	६६४३६९	९९६५५	८३०४६	१६६०९
१०५।२०८२।१।२२	गैरिखेत कुलो निर्माण उ.स.	२१८३०४	३२७४६	२७२८८	५४५८
११८।२०८२।२।५	लाङ्दी खोला फिनामटार कुलो निर्माण उ.स	१११५८६९	१६७३८०	१११५८७	५५७९३
११९।२०८२।२।७	वाल लहरी ढाङखेत कुलो निर्माण उ.स.	३२०८९०	४८१३३	३३०५१	१५०८२
१३०।२०८२।२।१४	पहेपानि कुलो मर्मत उपभोक्ता समिति	१६०६३०	२४०९४	१६०६३	८०३१
१३८।२०८२।२।१९	मरौटे कुलो मर्मत उ.स.	१३२२६६	१३४९१	१९८४०	६३४९
१७७।२०८२।३।५	जरेबर काठेघारी बाहुनटारी उ.स.	२२०७६१	३५११४	२७५९५	७५१९
१९२।२०८२।३।६	जौबारी सतह सिंचाई उपभोक्ता समिती	१५४१७७	२३१२७	१५४१८	७७०९
२२५।२०८२।३।१६	आँपटारी खेत खहरे कुलो मर्मत उ.स.	१०६५४४	१५९८२	१२०५१	३९३१
२८८।२०८२।३।२४	बसेरी तथा साउने खोला सिंचाई उ.स.	१०६४९५	१५९७४	१२१४०	३८३४
२९७।२०८२।३।२५	जुडीबन खेत सिंचाई उ.स.	४१५०२८	६२२५४	४२७४७	१९५०७
315।२०८२।३।२५	पहेपानी सिंचाई कुलो मर्मत योजना	१०६३५०	१५९५३	१०६३४	५३१९
३३९।२०८२।३।२५	मरुवाघोल तल्लो मरुवा कुना कुलो निर्माण उ.स.	१०१३५५०	१५२०३३	१११४९१	४०५४२
३७५।२०८२।२५	पामखोला डुम्रेस्वारा कुलो निर्माण उ.स.	५३९६२५	८०९४३	५५५८१	२५३६२
जम्मा					२२१०४५

असुल गर्नुपर्ने	२,२१,०४५

२३.२ **पूंजीगतबाट चालु प्रकृतिको खर्चः** एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ मा पुँजीगत शिर्षकमा विनियोजन वजेट चालु खर्च गर्न नपाइने उल्लेख छ। यस पालिकाले यस आ.व मा सभाबाटै नै पारित गरी चालु प्रकृतिको खर्च पुँजीगत वजेटमा समावेश गरी खर्च लेखेको मध्ये स्रेस्ता छनौट गरी परीक्षण गर्दा रु.१७२८७५०/- चालु खर्च पुँजीगत वजेटमा समावेश गरी खर्च गरेको पाइयो। पुँजीगतवाट गरिएको चालु प्रकृतिका खर्च मध्ये कृषी तथा पशुसेवासंग सम्बन्धित वितरणमुखी कार्यक्रम, आर्थिक सहायता लगायतका वितरमुखी एवं अनुत्पादक खर्च समावेश भएका देखिन्छ। पुँजीगत खर्चमा वजेट राखि चालु प्रकृतिका खर्च गरी पुँजीगत खर्चको वजेट देखाउने कार्य नियमसम्मत देखिदैन। चालु प्रकृतिका खर्च चालु वजेट शिर्षकमा समावेश गरी वजेट खर्च लेखिनु पर्दछ। पुँजीगत शिर्षकबाट गरीएको चालु खर्चको केहि उदाहरण यस प्रकार छन् ।

गो.भौ.न.।मिति	विवरण	रकम
१९४।२०८२।१।२५	५० % अनुदानमा धान तथा मकैको विउ वितरण कार्यक्रम	३९९०००
१६८।२०८२।३।५	५०% अनुदानमा मौरी प्रवर्धन कार्यक्रम	३९९०००
२३१।२०८२।३।१६	५० % अनुदानमा धान तथा मकै बाली प्रवर्धन कार्यक्रम	३९३७५०
१४।२०८१।९।२५	विपत सहायता वितरण	११००००
१८।२०८१।१०।२८	भजन संस्कृति संरक्षण फिरफिरे	२५०००
३९।२०८१।११।०९	विपद व्यवस्थापन	२३२०००
२०८।२०८२।३।१२	विपद व्यवस्थापन	६००००
१४।२०८१।९।२५	विपत सहायता वितरण	११००००
जम्मा		१७२८७५०

२३.३ **ढुंगाको राजस्वः** गण्डकी प्रदेश सरकारद्वारा जारी आर्थिक ऐनमा ढुंगा उत्खन्न, सङ्कलन र प्रयोग गर्दा प्रतिघनमिटर रु ३६३.५ राजस्व सम्बन्धित पालिकामा बुझाएर मात्र प्रयोग गर्न सक्ने व्यवस्था रहेको छ। पालिकाले उपभोक्ता समितिमार्फत निर्मित देहाय अनुसारका योजनामा ढुंगाको प्रयोगवापत राजस्व रकम नियमानुसार असुल गर्नुपर्नेमा असुल गरेको नपाईएकोले उक्त रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने देखिएको रु

गो.भौ.न.।मिति	योजनाको नाम	घ.मी.	प्रति घ.मी.दर	जम्मा
२५१।३।१९	महेन्द्र लिला मा.वी. निर्माण उ.स.	१४.७२	३६३.५	५३५१
४८	पहरे पानी दलित वस्ति पहिरो नियन्त्रण उ.स.	१५	३६३.५	५४५३
४६	डुमेधारा टोल भित्रको गोरेटो बाटो	१५	३६३.५	५४५३
१२	आत्मज्ञान केन्द्र भवन घेराबार वडा नं ८	१२	३६३.५	४३६२
जम्मा				२०६१९

असुल गर्नुपर्ने	२०,९१९

२३.४ **कार्यालयको काम उपभोक्ता समितिमार्फत गराएकोः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। उपभोक्ता समितिलाई लाभ प्राप्त हुने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्ने हस्तान्तरण नहुने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समिति मार्फत गराएको पाइयो। कार्यालयले उल्लिखित आयोजनाहरुको निर्माण गर्दा उपभोक्ता समिति गठन गरी कार्य गराइ कार्य सम्पन्न गरेको पाईयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत कार्य गराउनु अनियमित देखिएको रु.

गो.भौ.न.	विवरण	रकम
२१३।२०८२।३।१२	कृष्णज्योति विद्यालय मर्मत तथा व्यवस्थापन योजना	रु.३४७६०८
२१६।२०८२।३।१२	खोप क्लिनिक घेराबार	रु.१९१२२०
२३६।२०८२।३।१७	विज्ञान प्रा.वि. छाना मर्मत	रु.१७२४४५
२५१।२०८२।३।१९	महेन्द्र लिला मा.वि.	रु.६७७४२४
२५३।२०८२।३।२०	सिम्ले चन्द्रोदय मा.वि. प्लास्टर	रु.१९२३४७
२७३।२०८२।३।२४	धारापानी स्वास्थ्य इकाई स्तरोन्नती	रु. २००४७७
२८७।२०८२।३।२४	अर्कुल आ.वि. भवन सिलिङ्ग तथा मर्मत	रु.१४१२३६
३२६।२०८२।३।२५	महेन्द्र लिला मा.वि. भवन मर्मत	रु.१९८९७९
३८४।२०८२।३।२५	जनकल्याण मा.वि. गेट घेरावार	रु.१४११६२
जम्मा		रु.२२६२८९८

अनियमित भएको	२२,६२,८९८

२३.५ **व्यक्तिगत जग्गामा सामुहिक भवनः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्धेश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन। उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ। पालिकाले यो वर्ष निजी व्यक्तिको जग्गामा सामुदायिक भवन निर्माण गर्न ऐनमा भएको व्यवस्था विपरीत अनुदान उपलब्ध गराएकोले उक्त रकम अनियमित देखिएको रु.

सि.न.	विवरण	रकम
१	बहुउद्देश्यीय बौद्ध भवन शौचालय निर्माण उ.स.	३३२३८८
२	पुरानो साँघु नयाँवस्ती महिला समुह भवन निर्माण उ.स.	४६३५७४
३	उमरुङ सामुदायीक भवन निर्माण उ.स.	४७२१२५
४	ठुलो गाँखु समाजघर निर्माण उ.स.	३९३३९७
५	कुमाल सामुदायीक भवन मर्मत उ.स.	१३८९७५
६	बालकल्याण समुह भवन संरक्षण उ.स.	२३८७७०
७	कालीमाटी सामुदायिक भवन घेरावार उ.स.	२३५२९०
८	साविक ५ धारापानी सामुदायिक भवन घेराबार उ.स.	४७६२३१
९	कृष्ण मन्दिर भवन मर्मत तथा व्यवस्थापन उ.स.	३२५४०५
	जम्मा	३०७६१५५

अनियमित भएको	३०,७६,१५५

२३.६ **पूर्व निर्धारित क्षतिपुर्तीः-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी

साधारणतया प्रति दिन सम्झौता रकमको ०.०५प्रतिशत पूर्व निर्धारित क्षतिपुर्ती दिनुपर्ने एवं नियम १२०(१) मा समयमा कार्य सम्पन्न गर्न नसकिने मनासिव कारण भएमा म्याद सकिनु कम्तिमा २१ दिन अगावै म्याद थपको लागि निवेदन दिनुपर्ने र उपनियम ५ मा म्याद थप सम्बन्धि निर्णय संझौता अवधिभित्रै भईसक्नुपर्ने उल्लेख छ। पालिकाद्वारा संचालित देहाय अनुसारका योजना तोकिएको समयमा काम नसकिएको एवं म्याद थप बेगर भुक्तानी दिएको रकमको पूर्वनिर्धारित क्षतिपुर्ती नियमानुसार असुल गर्नुपर्ने रु.

योजनाको नाम	सम्झौता मिति	कार्यसम्पन्न गर्नुपर्ने मिति	कार्यसम्पन्न भएको मिति	संझौता रकम	भुक्तानी रकम (मू.अ.कर बाहेक)	समय	क्षतिपुर्ती रकम
द्रव्यशाह राजमार्गदेखि ठुलोशवारा सडक निर्माण	२०८१। १२।१०	२०८२।२।२५	२०८२।३।९	१०६२९८३	८९७४८९	१५ दिन	७९७२
चिप्लेटी ठोटनेरी सडक स्तरोन्नति	२०८१। १२।१०	२०८२।२।२५	२०८२।३।२	१०५४८४७	७९३७९६	८ दिन	४२१९

असुल गर्नुपर्ने	११,४६३

२३.७ **पूर्व निर्धारित क्षतिपुर्तीः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको ०।०५ प्रतिशतका दरले लाग्ने पुर्व निर्धारित क्षतिपुर्ति एवं नियम १२०(१) मा समयमा कार्य सम्पन्न गर्न नसकिने मनासिव कारण भएमा म्याद सकिनु कम्तिमा २१ दिन अगावै म्याद थपको लागि निवेदन दिनुपर्ने र उपनियम ५ मा म्याद थप सम्बन्धि निर्णय संझौता अवधिभित्रै भईसक्नुपर्ने उल्लेख छ। सिरानचोक कोटदेखि छेडा गुफा सिडि मर्मत कार्यको लागि निर्माण व्यवसायी आरिज एम.एच.कन्ट्रक्सन प्रा.लि. सँग रु. १३४८१५८। मा संझौता गरी २०७८।१०।११ मा कार्य प्रारम्भ गरेकोमा पहिलो पटक म्याद थप पश्चात २०७९।१।३० कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था गरिएकोमा सम्पन्न हुन नसकि पुनः २०७९।३।१५ मा कार्य सम्पन्न गर्नुपर्ने गरी म्याद थप भएकोमा निज निर्माण व्यवसायी सम्पर्क विहिन भएकोको कालोसूचिमा राख्ने सूचना सार्वजनिक भएपश्चात गाउँसभाको २०८१।३।१० बसेको बैठकले २०८१।९।२९ सम्म म्याद थप गरेको छ। म्याद थप पश्चात रु १३४८१६।०० असुल गर्नुपर्ने क्षतिपुर्ती रु.

असुल गर्नुपर्ने	१,३४,८१६

२४ सामाजिक सुरक्षा तर्फ

२४.१ **निकासा** - यस पालिकामा सामाजिक सुरक्षा कार्यक्रम संचालन तर्फ ८ वडाका लाभग्राहिको खातामा भत्ता रकम जम्मा गर्न बैंक मार्फत प्रथम त्रैमासिकमा रु.४६२७४२०६।- दोस्रो त्रैमासिकमा रु.४६९८८६१२।- तेस्रो त्रैमासिकमा रु.४७२४५१४९।- र चौथो त्रैमासिकमा रु.४७४१४५०५।- समेत रु १८७५०७०७२. ।- निकासा गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

२४.२ **लगत कट्टा-** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ११ मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा, वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराई सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीयतहको मूल अभिलेखमा समेत जनाउनुपर्ने व्यवस्था छ ।साथै दफा १५ (२) मा भत्ता खाइपाई आएको कुकनै व्यक्तिको मृत्यु भएमा मृत्यु भएको दिन सम्मको भत्ता मृतकको नजिकको हकवालालाई भुक्तानी दिने भनी उल्लेख छ । पालिकाले देहायका लाभग्राहीको खातामा मृत्यु पश्चात् निकासा भएको रकम संघीय सञ्चित कोष दाखिला गर्नुपर्नेमा लाभग्राहीको खातामा रहेको पाईएकोले संघीीय सञ्चितकोषमा दाखिला हुनुपर्ने रु.

पुरा नाम	वडा नं.	मुत्यु मिति	भुक्तानी किस्ता	भुक्तानी भएको	हुनु पर्ने रकम	बढि
बालमाया गुरुङ्ग	१	२०८१।७।२	सबै	३६०००	०	३६०००
श्री कौरी गुरुङ्ग	१	२०८१। १२।२२	सबै	१२०००	०	१२०००
मसिनु गूररु	१	२०८१। १०।२७	सबै	२००००	०	२००००
लक्ष्मी गुरुङ्ग	१	२०८१। ६।९	सबै	४८०००	९२००	३८८००
डील ब गुरुङ्ग	२	२०८१। ९।१४	दोस्रो सम्म	१२०००	६०००	६०००
तुलसा देवी घिमिरे	५	२०८१।७।२३	सबै	४८०००	१६०००	३२०००
धन कुमारी पोख्रेल	५	२०८१।८।६	दोस्रो	१६०००	१२०००	४०००
संसेर बहादुर सार्की	५	२०८१।५।५	पहिलो	१६०००	१२०००	४०००
विष्णु बहादुर कुमाल	४	२०८१।५।९	सबै	४८०००	६६६६	४१३३३
विष्णु प्रसाद पोखरेल	४	२०८१।७।६	दोस्रो	१२०००	७९८	११२०२
सुक माया कमिनि	४	२०८१।६।४	दोस्रो	१२०००	५३२	११४६८
सानो भोटे सार्की	४	२०८१।८।२३	दोस्रो	१२०००	७०६९	४९३१
जम्मा						२२१७३४

असुल गर्नुपर्ने	२,२१,७३४

२४.३ **निस्क्रिय खाता-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६(३)मा एक आर्थिक वर्षसम्म एक पटक पनि रकम नझिकेका लाभग्राहिको विवरण सेवा प्रदायक बैङ्क बाट अनुसुचि ११ बमोजिमको ढाँचामा प्राप्त गरी लाभग्राहिका सम्बनन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणाले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालाई भुक्तानी गरी सो मिति भन्दा पछाडिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्न पर्ने व्यवस्था छ ।सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने उद्देश्यले खोलिएको विशेष खातामा लाभग्राहीको नाममा रु १०३६८०७५। रहेको ग्लोबल आई एम ई बैक को मिति २०८२।४।२२ च नं ०९ को पत्रानुसार देखिन्छ। सो रकम आ व २०७७।७८ देखि ८०।८१ सम्म रहेकोमा लाभग्राहीले हालसम्म कुनै कारोबार गरेको पाईदैन। यस सम्बन्धमा पालिकाले यथार्थ छानविन गरी लामो समयसम्म कारोबार नहुनाको कारणहरु पहिचान गर्नुपर्ने देखिएको साथै नेपाल बैक लिमिटेड को च नं २३१।२।१९ को पत्र अनुसार kyc update नभएका तथा सामाजिक सुरक्षा लाभग्राहिले नविकरण नभएका पत्र अनुसार उल्लेखित २८ जना लाभग्राहिको रकम पालिकाले एकिन गरि संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१,०३,६८,०७५

२४.४ **पारदर्शिता -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धि जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा पालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।

२४.५ **अनुगमन तथा निरीक्षण-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७(३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा यस पालिकाले सो कार्य गरेको प्रतिवेदन पेश हुन आएन । यस तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : सिरानचोक गाउँपालिका, गोरखा , सिरानचोक गाउँपालिका , गोरखा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	प्रकास घिमिरे	२०८०-६-१	२०८१-०८-१४
कार्यालय प्रमुख	ठाकुर प्रसाद अर्याल	२०८१-०९-०८	२०८२-०३-३२
लेखा प्रमुख	निर माया पुरी गिरी	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
६८०,३७७	११,५७३,९६९	१३,४२२,६७९	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	२५,६७७,०२५
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	२५,६७७,०२५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		११६५५३४६२.२	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४४३०३१२२२	चालु खर्च	३७९०४४८०७
प्रदेश सरकारबाट अनुदान	२५००२७७४	पूँजीगत खर्च	१४४९१९५३१
राजश्व बाँडफाँट	८९३७५१९९.३२	वित्तीय/अन्य व्यवस्था	०.०
आन्तरिक आय	८७३२०९८.०		
अन्य आय	०.०		
कुल आय	५६६१४१२९३.३२	कुल खर्च	५२३९६४३३८.०
बाँकी मौज्दात		१५८७३०४१७.५२	

अनुसूची - २

सि.नं	लेखापरीण	लेखापरीण गरएका िवषय
1	**DPR** खर्च	खर्च परीक्षण
2	अमानत, उपभोक्ता समिति र गैरसरकारी संस्थाबाट कार्य गराउने।	उपभोक्ता समिति मार्फत कार्य
3	आन्तरिक आयतर्फ	आन्तरिक आयतर्फ
4	कण्टिन्जेन्सी खर्च	कण्टिन्जेन्सी खर्च
5	कृषि तथा पशुतर्फ	अनुदान
6	ठेक्का तथा प्रस्ताव व्यवस्थापन	ठेक्का व्यवस्थापन
7	तलब भत्ता तथा पारिश्रमिक खर्च (तलव, अन्य सुविधा, नियमित परामर्श र करार सेवा)	खर्च परीक्षण
8	तालिम र कार्यक्रम खर्च	तालिम र कार्यक्रम खर्च
9	पदाधिकारी सुविधा	खर्च परीक्षण
10	विविध खर्च	खर्च परीक्षण
11	शिक्षा तर्फ	शिक्षातर्फ
12	संघ र प्रदेशबाट प्राप्त सशर्त लगायत अनुदान (अख्तियारी तथा अन्य कार्यक्रम)	अनुदान
13	सफ्टवेयर खरिद र सञ्चालन खर्च	खर्च परीक्षण
14	सामाजिक सुरक्षा	सामाजिक सुरक्षातर्फ
15	स्वास्थ्यतर्फ	स्वास्थ्यतर्फ
16	वार्षिक मर्मत सम्भार खर्च (AMC)	खर्च परीक्षण
17	खरिद व्यवस्थापन	खरिद व्यवस्थापन

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।

- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।

- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।

- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।

- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।

- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।

- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।

- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।

- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।

- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।

- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।

- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।

- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।

- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।

- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।

- प्रयोग हुने सुनिश्चत भएपछि मात्र सामाग्री खरिद गर्नुपर्दछ भने खरिद भएका सामाग्रीहरु अनिबार्यरुपमा सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली (पाम्स) मा वर्गिकरण गरेर दाखिला गर्नुपर्दछ ।

- खरिद भएका औषधी तथा स्वास्थ्य सम्बन्धी उपकरणहरु विगतमा विद्युतीय लजिस्टिक व्यवस्थापन सूचना प्रमाणली (ई.एल.एम.आई.एस.) बाट ब्यबस्थापन हुनेगरेकोमा आर्थिक वर्ष २०८१/८२ देखि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)बाट ब्यबस्थापन गर्न अनियबार्य गरेकोमा ई.एल.एम.आई.एस. मा मौज्दात रहेका सबै औषधी तथा उपकरणहरु अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिम्मेबारी सार्नुपर्दछ ।

- कार्यालयको आधिकारिक वेबसाईटमा कतिपय सूचना, जानकारी, तथ्याङ्क तथा फोटोहरु पुरानैरहने गरेकोमा अद्यावधिक गर्ने व्यवस्था गर्नुपर्दछ ।

- गैरसरकारीसंस्थासँगको साझेदारीमा सञ्चालित योजनाहरुमा सम्झौता र लागत अनुमान अनुसारको एकिकृत कार्यसम्पन्न प्रतिवेदन तयार गरी सोही अनुपातमा पालिकाबाट भुक्तानी दिनुपर्दछ ।

- पुर्वाधार निर्माणकार्यको लागत अनुमान, नापी किताव, नापी बिल, तथाकार्यसम्पन्न प्रतिवेदनमा त्यस्तो विवरण तथा प्रतिवेदन तयार गर्ने तथा स्वीकृतगर्ने कर्मचारी तथा पदाधिकारीको नाम र पद खुलाउने व्यवस्था गर्नुपर्दछ ।